संघीय संसद्

# राष्ट्रिय सभा

पाँचौं अधिवेशन

बैठक - २२

## सूचना पत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ फागुन २९ गते बिहीबार

संघीय संसद्, राष्ट्रिय सभाको पाँचौं अधिवेशनको **बाईसौं** बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले शून्य समयमा बोल्नका लागि निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

**मा. अनिता देवकोटा**ले विश्वभरी फैलिएको कोरोना भाइरससको जोखिमको लागि नेपालले के कस्तो सावधानी अपनाएको छ भनी प्रश्न गर्नुभयो ।

**मा. उदया शर्मा पौडेल**ले विगत दुई बर्षमा हामीले राष्ट्रिय सभामा केही राम्रो काम गरेको बताउनुहुँदै अबका दिनमा नवनिर्वाचित भएर आउनुभएका माननीय सदस्यहरुको पनि साथ सहयोगको अपेक्षा गर्नुभयो ।

**मा. कोमल वली**ले विश्व स्वास्थ्य संगठनले कोभिड -१९ लाई विश्व महामारीको रुपमा घोषणा गरेको छ । बताउनुहुदै यसबाट बच्न के कस्तो व्यवस्था गरेको भनी प्रश्न गर्नुभयो ।

मा. **चक्र प्रसाद स्नेही**ले कोरोना भइरसको प्रकोपको सन्दर्भ उल्लेख गर्दै डडेल्धुरा जिल्ला परशुराम नगरपालिको परशुरामघाट र चादनीको सिसम्जाला भन्ने ठाउँमा डुङ्गामार्फत आउने जाने ठाउँमा हालसम्म चेकजाँचको व्यवस्था नभएकोमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

मा. **तारादेवी भट्ट**ले हाल बजारमा ग्याँस सिलिण्डरको अभाव भएको प्रति सरकारको ध्यानाकर्षण गर्नु भयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै **विशेष** समयमा बोल्नका लागि दलीय आधारमा देहाय बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**मा. बेदुराम भुसाल**ले हाम्रो इतिहासलाई हेर्दा हामीले जुन रुपमा रानीतिक परिवर्तन गर्यौं त्यही रुपमा सामाजिक सांस्कृतिक रुपान्तरण गर्न नसक्दा अग्रगमनमा जानुपर्नेमा प्रतिगमनतर्फ जाने गरेको उल्लेख गर्नुहुदै भ्रष्टाचाररुपी महारोग सामाजिक, प्रशासनिक, न्यायिक, संवैधानिक, तथा निजी सबै क्षेत्रमा मौलाएको छ, यसलाई कसरी न्यूनीकरण गर्ने भन्ने तर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. प्रकाश पन्त**ले चीनबाट सुरु भएको कोरोना भाइरस करिव १२४ देशमा फैलिसकेको बताउँनुहुदै नेपालमा फैलियो भने कसरी सतर्कता अपनाउन सकिन्छ भन्ने तर्फ नेपाल सरकारको ध्यानकर्षण गराउनुभयो । त्यसैगरी उहाँले तनहुँमा चितुवा आक्रमणबाट २ वर्षभित्र ९ जनाको मृत्यु भैसकेकोले मानवीय सुरक्षामा गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. देवेन्द्र दहाल**ले राष्ट्रिय सभाका २ वर्षे कार्यकाल पूरा गर्नुहुने माननीयहरुलाई विदाई र नवनिर्वाचितहरु लाई स्वागत गर्नभएकोमा खुसि व्यक्त गर्नुहुदै करिव दुई तिहाई बहुमत भएको सरकारले भोग्ने विरोध, आलोचनाहरु मध्ये सकारात्मक सुझावलाई अनुसरण गरी अगाडि बढ्नु पर्नेमा जोड दिनुभयो।त्यसैगरी दैनिक सेवा प्रवाहा हुने निकायमा कर्मचारीको अभाव पूर्ति गर्नु पर्ने, अनलाइन सेवाबाट जग्गा पास गर्ने कुरा झन झन्झटिलो भएकोमा यसलाई सुधार्ने पर्ने तथा विकास निर्माणका काम अलपत्र परेकोमा त्यसलाई सुचारु गरी सम्पन्न गर्नु पर्ने तर्फ सरकारको ध्यानाकर्षण गर्नुभयो ।

**मा. गंगा बेलवासे**ले प्रधानमन्त्रीको स्वस्थ्य लाभको कामना गर्दै महिला दिवसको शुभकामना समेत व्यक्त गर्नुभयो । साथै उहाँले महिला हिंसा र विभेद हटाउनु पर्ने, सहर र गाउँका महिलाको समान हैसियत हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

**मा. डा. विमला राई पौड्याल**ले राष्ट्रिय सभामा आउनु भएका नया माननीहरुलाई स्वागत गर्दै प्लाषटिकको बोतलको प्रयोगबाट वातावरणलाई धेरै असर पुऱ्याउने भएकोले कम्तिमा सिहदरवारभित्र बस्ने बैठकमा प्लाष्टिक बोतलमुक्त क्षेत्र घोषणा गर्नुपर्ने माग गर्नु भयो ।

**मा. भगवती न्यौपाने**ले सम्माननीय प्रधानमन्त्रीको सिघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्नुहुँदै अहिले विकास चाहने र नचाहनेको बीचमा खाडल सिर्जना भएकोले यसको संवोधनको लागि राष्ट्रिय सभाले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो ।

**मा. शेखर कुमार सिंह**ले सप्तरीदेखि पर्सासम्म बाढी पहिरो रोक्नका लागि अहिले देखिनै सतर्कता अपनाउनु पर्ने विचार व्यक्त गर्नुहुदै ज्येष्ठ नागरिक सम्बन्धी विधेयक र नागरिक लगानी कोष ऐनलाई संशोधन गर्न बनेको विधेयक राष्ट्रिय सभाबाट पास भएर प्रतिनिधि सभामा गएर थन्किएकोले यसको छिट्टै निकास होस भन्ने तर्फ ध्यानाकर्षण गाराउनु भयो ।

**मा. हरिराम चौधरी**ले रेशम चौधरीको निर्वाचन विवादित हुन पुगेकोमा सरकार, अदालत तथा निर्वाचन आयोगका आ-आफ्नै तर्क बाट करिव २० लाख भन्दा बढी थारु जातीको भावनामा चोट पुगेकोमा सरकारको ध्यानाकर्षण गराउनु भयो । त्यसैगरी नेपाल सरकारले मा वि तहसम्म निशुल्क शिक्षा घोषणा गरेको तर सुविधायुक्त ठाउँमा आवश्यकता भन्दा बढी दरवन्दी र दुर्गम ठाउँमा दरवन्दीको पनि पूर्ति हुन नसकेकोमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. नन्दा चपाई**ले सम्माननीय प्रधानमन्त्रीको सिघ्र स्वास्थ्य लाभको कामना गर्नुहुदै नया संसदहरुको स्वागत गर्नुभयो । सुर्खेत जिल्लाको छिन्चु लगायत अन्य गाएँपालिको दुर्गम ठाउँमा बस्ने जनतामा वि स २०७१को बाढी र २०७२ को भूकम्प पीडितलाई राहत नपुगेको अवस्था रहेको तर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. रामनारायण विडारी**ले संसदको गरिमा राख्न संसदमा बोल्ने माननीयहरुका कुराहरु सम्बन्धित मन्त्रीले टिप्नुपर्ने र छलफल गर्नुपर्ने विचार व्यक्त गर्नुहँदै उद्योगको नाममा लुकाएर राखेको जग्गा जग्गाधनीहरुबाट सरकारको नाममा ल्याउन नसकेको तर्फ ध्यानाकर्षण गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद्को पुनर्गठन सम्बन्धी पत्र प्राप्तको व्यहोरा पढेर सुनाउनुभयो :

"सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले सम्माननीय प्रधानमन्त्री के.पी शर्मा ओलीज्यूको नेतृत्वमा मिति २०७४/११/३ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७८ को उपधारा (१) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा डा. युवराज खतिवडालाई मन्त्री पदमा नियुक्त गरी हाल सम्माननीय प्रधानमन्त्री के. पी. शर्मा ओलीज्यूले सम्हाली आउनुभएको अर्थ र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कार्यभार सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध छ ।

(डा. हरि पौडेल)

मितिः- २०७६ फागुन २१" सचिव

तत्पश्चात् सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका सचिव राजेन्द्र फुयाललाई राष्ट्रिय सभाबाट पारित गरी सन्देश सहित प्रतिनिधि सभामा पठाइएका "प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५", "राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५" र "शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५" का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देशको जानकारी सभा समक्ष गराउन अनुमति दिनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले कार्यसूचीको क्रम संख्या ३ को (क) मा रहेको विषयलाई कार्यसूचीबाट हटाईएको व्यहोरा जानकारी गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिका माननीय सभापति परशुराम मेघी गुरुङलाई "काठमाडौं उपत्यका सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६" सम्बन्धी समितिको प्रतिवेदन सभा समक्ष पेश गर्न समय दिनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री राम बहादुर थापालाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "अध्यागमन विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले “अध्यागमन विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ भएको र उक्त क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउनु हुँदै छलफलमा भाग लिन चाहनु हुने निम्न बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयोः

| | | |
|---|---|---|
| १. मा. कोमल वली | २. मा. प्रकाश पन्थ | ३. मा. रामनारायण बिडारी |
| ४. मा. अनिता देवकोटा | ३. मा. डा. विमला राई पौड्याल | |

तत्पश्चात् सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री राम बहादुर थापालाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन समय उपलब्ध प्रस्तावमाथिको सैद्धान्तिक छलफल समाप्त भएको जानकारी गराउनु हुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले “अध्यागमन विधेयक, २०७६” माथि संशोधन प्रस्ताव राख्न चाहनु हुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली (पहिलो संशोधन), २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखा, सिंहदरबारमा संशोधन प्रस्ताव दर्ता गर्न सक्ने व्यहोरा जानकारी गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले पहिलो संविधान सभाका सदस्य धर्म घिमिरेको निधन भएकोमा निम्न लिखित शोक प्रस्ताव प्रस्तुत गर्नुभयोः

शोक प्रस्ताव

“वि.स. २०६४ सालको संविधान सभा सदस्य निर्वाचनमा झापा जिल्ला निर्वाचन क्षेत्र नं. १ बाट निर्वाचित सदस्य धर्म घिमिरेको ७४ वर्षको उमेरमा मिति २०७६ साल फागुन २० गते उपचारको क्रममा भारतमा असामयिक निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ ।

स्व. घिमिरे तत्कालीन नेकपा (माओवादी) सम्बद्ध नेता हुनुहुन्थ्यो ।

यो बैठक दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।”

तत्पश्चात् सम्माननीय अध्यक्षले उक्त शोक प्रस्तावलाई पारित गरिदिन अनुरोध गर्नुहुँदा सर्वसम्मतिले पारित भएको जानकारी गराउनुभयो ।

तत्पश्चात् सभाले स्व. धर्म घिमिरेको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गर्‍यो ।

तदनन्तर, सभाको अर्को बैठक २०७६ साल चैत २ गते आइतबार दिनको १:०० बजे बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव